१०२८

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ५३६/२०७२/०७३

निर्णय नं.६३९

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेत ....................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), माडी नगरपालिका कार्यालय, चितवन ....................१ विपक्षी

सूचना अधिकारी, माडी नगरपालिकाको कार्यालय, चितवन ............................................१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले माडी नगरपालिका कार्यालय, चितवन समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम माडी नगरपालिका कार्यालय, चितवनलाई मिति २०७२।०७।२९, च.न४३३ को पत्रद्वारा सूचना उपलब्ध गराउन लेखी पठाएको । प्रस्तुत सन्दर्भमा उक्त माडी नगरपालिका कार्यालय, चितवनको मिति २०७२।०९।१७, च.नं.१५४६ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना आयोगलाई उपलब्ध गराई पुनरावेदकलाई जानकारी पठाइएको हुँदा यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल फागुन ९ गते रोज १ शुभम् ।